# महिला सामुदायिक वनको सकारात्मक प्रयास

**प्रकाश तामाङ**

ललितपुर जिल्लाको १८६ ओटा सामुदायिक वन (सा.व.) उपभोक्ता समूहहरू मध्ये महिला घुम्तिकोश सा.व. उपभोक्ता समूह पनि एक हो । यो सा.व. देवी चौर गा.वि.स. वडा नं. १ अन्तर्गत बुरुञ्चुली गाउँ नजिकै पर्दछ । आजभन्दा ३०-३५ वर्ष पहिले यो वन गुराँस र सल्लाको घना वनको रुपमा थियो । त्यस बेला वन संरक्षण गर्ने मनसाय मानिसहरूमा नभएकाले रुखहरू मासिँदै गयो । यसरी रुखहरू मासिए पछि यो ठाउँमा वि.सं. २०४२/०४३ सालमा पहाडी वन विकास आयोजनाको सहयोगमा सल्लाको वृक्षारोपण गरेर एउटा हेरालुको व्यवस्था भयो । हेरालुले वन रेखदेख गरेसम्म वृक्षारोपणको स्थिति सप्रिँदै गयो भने आयोजनाले हेरालु हटाए पछि वनको नराम्रोसँग नास हुन थाल्यो । यस ठाउँका महिलाहरूको आर्थिक स्थिति उत्थान गर्न एम.एस.आर.को सहयोगमा एउटा महिला घुम्तिकोश भन्ने समूहको गठन भएको छ । यसरी वन विनाश भई रहेको देखेर तत्कालीन यसै देवीचौर गा.वि.स.का अध्यक्ष श्री नरबहादुर तामाङको सक्रियतामा एम.एस.आर.को सहयोगमा वनजङ्गल संरक्षण गर्न ध्यानाकर्षण गरायो । फलस्वरुप मिति २०५३ साल भाद्र १ गते भई रहेको बुट्यान वृक्षारोपणलाई संरक्षण गरी सा.व. को रुपमा व्यवस्थापन गर्न महिला घुम्तिकोश सामुदायिक वन भनी जिल्ला मै महिलाबाटै संरक्षित पहिलो सा.व.समूह गठन भयो ।

यो सा.व. को क्षेत्रफल १९.०८ हेक्टर रहेको छ भने यो न उत्तरी वा न दक्षिणी मोहोडामा फर्केको छ । यसको प्रायः भूभागहरूको भिरालोपन २०% देखि ८०% सम्म रहेको पाइन्छ । यस सा.व.का उपभोक्ताहरू प्रायः सबै तामाङ जाति नै हुन् भने यस सा.व.मा सुरुमा ५८ घरधुरी उपभोक्ता रहेकोमा हाल ६५ घरधुरी रहेका छन् । जिल्ला वन कार्यालयबाट यो वन विधिवत रुपमा उपभोक्तालाई मिति २०५४/३/२९ गते हस्तान्तरण गरियो ।

यहाँका महिला दिदी बहिनीहरू सक्रिय भई यस क्षेत्रका नाँगो भईसकेका उजाड तथा भिरालो पाखाहरूमा भएका बुट्यानहरूलाई जोगाउनु पर्छ भनी साँझ बिहान दिन रात नभनी नियमित घुम्ती प्रणाली अपनाई वन गस्ती गर्न थाले । फलस्वरुप अहिले आधा घण्टामा सजिलै घाँस दाउरा उपलब्ध भएको देखिन्छ जबकी यहाँका उपभोक्ताहरू पहिला पहिला घाँस दाउरा लिन टाढा टाढा जानु पर्दथ्यो । त्यसैले आज यस समूहमा "मेहेनत गरे फल पाइन्छ" भन्ने उखान अहिले सार्थक भएको देखिन्छ ।

यस सा.व. अहिले स्वच्छ सफा हराभरा वन जंगलको रुपमा स्थापित भई सकेको छ भने अधिकांश भू-भाग भिरालो भएकै कारण आयमूलक वन पैदावरको खेती गर्न नपाउदा उपभोक्ताहरू निराश भएको देखिन्छ । यस सा.व. उपभोक्ता समूहले बुरुञ्चुली रे.पो. अन्तर्गत रहेका सबै समूहहरूलाई बोलाई यस क्षेत्रमा रहेको सा.व. भित्र भई आएका विविध समस्याको समाधान गर्न विभिन्न समयमा अन्तरक्रिया, छलफल, गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गरेका थिए । यस सा.व.ले आफ्नै आन्तरिक कोशबाट यहाँका निम्न आय भएका उपभोक्ताहरूलाई जीविकोपार्जन गर्न केही आर्थिक सहयोग समेत उपलब्ध गरेको छ भने नार्मसाप नामक कार्यक्रमको सहयोगमा यहाँका अशिक्षित महिलाहरूलाई साक्षर बनाउन दुई पटक महिला साक्षर कार्यक्रम सञ्चालन गरी निरक्षर महिलाहरूलाई साक्षर बनाएका थिए ।

यस सा.व. उपभोक्ता समूहले समूहको विधान तथा कार्य योजना मुताविक वन संरक्षण गर्ने सम्बन्धमा लौरो प्रणाली अपनाई नियमित वन गस्ती, झाडी सुधार, वृक्षारोपण जस्ता कार्यहरू गरेका छन् भने उपभोक्ताहरूलाई जनचेतना जगाउने, टोल टोलमा सरसफाई अभियान चलाउने, विपन्न वर्गका उपभोक्ता विरामी भएको खण्डमा अस्पताल पुऱ्याउने तथा स्वास्थ्य चौकी जाने सल्लाह दिने कार्य गर्दै आएका छन् । यस समूहका कोषाध्यक्ष श्रीमती प्रतिमा लामाले जिल्ला वन कार्यालयको सहयोगमा "धूवा रहित सुधारिएको चुलो", बनाउने तालिममा सहभागी भई यहाँको प्रत्येक उपभोक्ताहरूको घरघरमा चुलो बनाउन सहयोग गर्दै आएकी छिन् जसले गर्दा दाउरा खपतमा कमि आउनुको साथै स्वास्थ्यमा प्रत्यक्ष असर हुनबाट जोगिएको छ । यस्तो चूलो चुलो यस सा.व.का आसपासका उपभोक्ताहरूले समेत बनाउन पाउँदा यो समूह धन्यावादको पात्र भएको छ । हालै मात्र यस समूहले बुरुञ्चुली रे.पो. अन्तर्गत समूह समूहहरू बीच समन्वय कायम गराउन र वन विकास तथा जनचेतना जगाउने चेतनामूलक कार्यक्रम "लोक दोहोरी गीत प्रतियोगिता" सञ्चालन गरेको थियो भने आफूले समेत प्रतियोगितामा भाग लिई प्रथम पुरस्कार समेत हात पार्न सफल भएको थियो । महिलाहरूद्वारा वन व्यवस्थापन भएकै कारण प्रोत्साहन स्वरुप जिल्ला वन कार्यालयबाट तेस्रो पुरस्कार प्रदान गरिएको थियो । अझै यस समूहलाई बाहिरी कुनै निकायद्वारा केही सहयोग जुटाउन सकेको खण्डमा यस समूहले वन संरक्षण, विकास तथा सम्बर्द्धन गर्नुका साथै आर्थिक उर्पाजन, उपभोक्ताहरूको जीविकोपार्जनमा सहयोग तथा सामाजिक विकासमा टेवा पुऱ्याउने सक्ने संभावना देखिन्छ ।

(लेखक ललितपुर जिल्ला उपभोक्ता महासङ्घमा आवद्धहुनुहुन्छ ।)